आज मिति २०७९ साल जेठ महिनाको २५ गते बुधवारका दिन यस बेसिशहर नगरपालिका नगर कार्यपालिकाका नगर प्रमुख श्री गुमान सिंह अर्याल ज्यूको अध्यक्षतामा विभिन्न विषयमा नगरपालिकाको दोस्रो बैठक बसी तपसील बमोजिमको उपस्थितिमा तपसील बमोजिमको छलफल एवं निर्णय गरियो ।

उपस्थिति :-

| | | | |
|---|---|---|---|
| १, | प्रमुख | | श्री गुमान सिंह अर्याल |
| २, | उप-प्रमुख | | श्री पद्मा गुरुङ |
| ३, | प्र. प्र. अधिकृत | | श्री इमनाथ कंडेल |
| ४, | वडा अध्यक्ष | वडा नं (१) | श्री दुर्गा बहादुर बुढाथोकी |
| ५, | —"— | (२) | श्री मदन बहादुर राना |
| ६, | —"— | (३) | श्री चित्र बहादुर दर्नाई |
| ७, | —"— | (४) | श्री राम बहादुर गुरुङ |
| ८, | —"— | (५) | श्री इन्द्र बहादुर गुरुङ |
| ९, | —"— | (६) | श्री प्रकाश थापा |
| १०, | —"— | (७) | श्री ऋषिराम बस्नेत |
| ११, | —"— | (८) | श्री पवित्रा थापा राना |
| १२, | —"— | (९) | श्री खुशिजङ गुरुङ |
| १३, | —"— | (१०) | श्री गंगा बहादुर थापा |
| १४, | —"— | (११) | श्री शिव प्रसाद जोशी |
| १५, | कार्यपालिका सदस्य | | श्री हिरालाल विश्वकर्मा |
| १६, | —"— | | श्री श्रीनाथ दुलाल |
| १७, | —"— | | श्री कल्पना थापा बोहरा |
| १८, | —"— | | श्री बुना कुमारी रिमाल |
| १९, | —"— | | श्री विमला न्यौपाने अधिकारी |
| २०, | —"— | | श्री सुक माया गुरुङ |
| २१, | —"— | | श्री सुक माया घर्ती |
| २२, | —"— | | श्री मनिता परियार |

सहजकर्ता कर्मचारी :-

| | | |
|---|---|---|
| २३, | कार्यक्रम अधिकृत | श्री मेघेन्द्र पोखरेल |
| २४, | अधिकृत | श्री शर्मिला श्रेष्ठ |
| २५, | ना. सु. (सहायकस्तर पाँचौं) | श्री गोविन्द बहादुर राउत |

गुमान सिंह अर्याल
नगर प्रमुख

Scanned with CamScanner

**बेसीशहर नगर कार्यपालिकाको कार्यालय**
**लमजुङ, गण्डकी प्रदेश, नेपाल**

***नगर कार्यपालिकाको मिति २०७९ जेठ २५ गतेको बैठकका प्रस्तावहरु***

१. अघिल्लो बैठकका निर्णयहरुको समीक्षा सम्बन्धमा ।
२. आ.व. २०७९/८० को योजना तर्जुमा सम्बन्धमा ।
   - कुल प्रक्षेपित आय अनुमान सम्बन्धमा ।
   - बजेटका सिद्धान्त तथा प्राथमिकता
   - वडागत बजेट सीमा
   - योजना तर्जुमा सम्वन्धी मापदण्ड
   - विषयगत समितिको बैठक सम्वन्धमा ।
३. औद्योगिक ग्रामको लागि DPR र IEE सम्वन्धमा ।
४. योजना सम्झौताको म्याद थप सम्वन्धमा ।
५. डिस्प्ले बोर्डको म्याद थप सम्वन्धमा ।
६. प्राकृतिक श्रोत उपयोग कर (ढुंगा,गिटी, बालुवा) को ठेक्का बन्दोबस्ती सम्वन्धमा ।
७. प्राकृतिक श्रोत उपयोग करको आय ठेक्का सम्वन्धमा ।
८. वडास्तरीय योजना संशोधन सम्वन्धमा । (वडा नं ११,९,३,५)
९. औषधी उपचार खर्च उपलब्ध गराउने सम्वन्धी कार्यविधिको सम्वन्धमा ।
१०. विविध
   - औषधी खरिद सम्वन्धमा । कोटेशनमा खरिद गर्ने ।
   - बेतलबी अध्ययन विदा सम्वन्धमा
   - सडक मर्मत सम्भार सम्वन्धमा ।
   - गैससहरुको बजेट तथा कार्यक्रम सम्वन्धमा ।
   - तारजाली खरिद सम्वन्धमा ।

**बैठकबाट पारित निर्णयहरु**

**निर्णय नं. १: अघिल्लो बैठकका निर्णयहरुको समीक्षा सम्बन्धमा ।**

२०७९।०२।१८ गतेको कार्यपालिका बैठकले गरेका निर्णयहरुको कार्यान्वयनको अवस्था वारे यस बैठकमा समीक्षा गरियो ।



गुमान सिंह अर्याल
नगर प्रमुख

बेसीशहर नगर कार्यपालिकाको मिति २०७९/०२/२५ गतेको बैठक

**निर्णय नं. २: कुल प्रक्षेपित आय अनुमान सम्बन्धमा।**

बेसीशहर नगरपालिकास्तरीय श्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिको मिति २०७९/०२/२३ को बैठक समेतको आधारमा आर्थिक वर्ष ०७९/८० का लागि यस बेसीशहर नगरपालिकाको कुल आय अनुमान देहाय वमोजिम रहेको निर्णय गरियो।

देहाय

| सि.नं. | बजेटको श्रोत | आ.व. २०७९।८० को लागि प्रक्षेपित बजेट (रु हजारमा) |
|---|---|---|
| १। | नगरपालिकाको आन्तरिक राजश्व (आन्तरिक आय र स्थानीय राजश्व तथा प्रकृतिक श्रोत बाँडाफाँड) | ६४६९६ |
| २। | समानीकरण अनुदान/संघीय सरकार | १५०६०० |
| ३। | राजश्व बाँडफाँड/संघीय सरकार | १११६२३ |
| ४। | सशर्त अनुदान/संघीय सरकार | २९०९०० |
| ५। | विशेष अनुदान /संघीय सरकार | २५००० |
| ६। | समपुरक अनुदान/संघीय सरकार | १५००० |
| ७। | समानीकरण अनुदान/प्रदेश सरकार | १८०५० |
| ८। | राजश्व बाँडफाँड प्रदेश सरकार | १२५०० |
| ९। | सशर्त अनुदान प्रदेश सरकार | ५००० |
| १०। | विशेष अनुदान प्रदेश सरकार | ० |
| ११। | समपुरक अनुदान प्रदेश सरकार | ५००० |
| १२। | चालु आर्थिक वर्षको जिम्मेवारी सर्ने | ३०००० |
| १३। | पर्यटन प्रवर्द्धन विकास आयोजना | १०००० |
| १४। | सडक बोर्ड | १०००० |
| | कुल जम्मा | ७४८३६९ |

**निर्णय नं. ३ : बजेटका सिद्धान्त तथा प्राथमिकता सम्बन्धमा।**

यस बेसीशहर नगरपालिकाको आ.व. २०७९।८० को बजेटको सिद्धान्त र प्राथमिकता देहाय अनुसार निर्धारण गर्ने र सोही वमोजिम योजना, कार्यक्रम तथा बजेट तयार गर्न सवै वडा समिति, विषयगत समिति तथा बजेट तथा कार्यक्रम तर्जुमा समितिलाई निर्देशन दिने निर्णय गरियो।

१। "हामी सवैको रहर-सभ्य र समृद्ध बेसीशहर"को नारालाई सार्थक बनाउन मद्धत पुग्ने खालका योजना तथा कार्यक्रममा प्राथमिकता दिइनेछ।

२। दिगो विकासका लक्ष्यहरु प्राप्त गर्न सहयोग पुऱ्याउने खालका योजना तथा कार्यक्रम छनौट गर्न प्राथमिकता दिइनेछ।

३। नगरपालिकाको आवधिक योजना, संघीय १५ औ योजना, प्रदेशको पहिलो पञ्चवर्षिय योजनाले लिएका उद्देश्यहरु पुरा गर्ने गरी योजना तथा कार्यक्रममा प्राथमिकता दिइनेछ।

४। विगत वर्ष र चालु आवमा अधुरा रुपमा रहने विकास निर्माणका कार्यहरुलाई सम्पन्न गर्ने गरी नीति, कार्यक्रम तथा बजेट ल्याइनेछ।

५। नगर यायातात गुरुयोजना वमोजिम बर्गिकरण गरिएका सडकहरुको स्तरोन्नतिको लागि नीति तथा कार्यक्रममा प्राथमिकता दिइनेछ।

बेसीशहर नगर कार्यपालिकाको मिति २०७९/०२/२५ गतेको बैठक

गगन सिंह अर्याल
नगर प्रमुख

६। नगरपालिकाले संघ, प्रदेश तथा स्थानीय उपभोक्ताहरुसंगको सह लगानीमा सञ्चालन हुने योजना तथा कार्यक्रमलाई प्राथमिकतामा राखी बजेट विनियोजन गर्नेछ ।

७। नगरबासीहरुले प्राप्त गर्ने आधारभूत स्वास्थ्य सेवालाई गुणस्तरीय र प्रभावकारी बनाउने तथा विपन्न नागरिकहरुको स्वास्थ्योपचारमा सहयोग पुग्ने गरी नीति तथा कार्यक्रममा प्राथमिकता दिइनेछ ।

८। युवाहरुलाई रोजगारी सिर्जना हुन सक्ने विभिन्न किसिमका सीपमूलक तथा उद्यमशिलता कार्यक्रममा सहभागी गराउन प्राथमिकता दिइनेछ ।

९। आर्थिक विकासको मुख्य आधार कृषि तथा पशुपालन भएकोले उत्पादन लागत घटाउने तथा कृषिलाई नाफामूलक, व्यवसायमूलक तथा सम्मानित व्यवसायको रुपमा स्थापित गराउने खालका कार्यक्रममा प्राथमिकता दिइनेछ ।

१०। उत्पादित वस्तुको उचित मूल्य पाउने प्रणालीको विकास गरी खेतीयोग्य बाँझो जमिनमा उपयुक्त खेती प्रणालीको विकास गर्ने गरी वजेट र नीति तय गरिनेछ ।

११। कोभिड–१९ को कारण सिथिल बनेको पर्यटन क्षेत्रको विकासमा योगदान पुग्ने गरी वजेट विनियोजनमा प्राथमकिता दिइनेछ ।

१२। वैदेशिक रोजगार छाडी स्वदेश फर्किएर स्वदेशमै कृषि, साना तथा घरेलु उद्योग, मझौला उद्योग मार्फत रोजगारी सिर्जना गर्न चाहने युवाहरुलाई लक्षित गरी विशेष वजेटको व्यवस्था गरिनेछ ।

१३। सवै वालवालिकाहरुले आधारभूत र माध्यमिक विद्यालयसम्मको शिक्षालाई पुरा गर्न सक्ने वातावरण तयार गर्ने कुरालाई प्राथमिकता दिइनेछ ।

१४। वालमैत्री स्थानीय शासनका सूचकहरु पुरा गर्ने खालका कार्यक्रमहरुलाई प्राथमिकता दिइनेछ । वालबालिकाहरुको प्रारम्भिक बाल विकासमा प्राथमिकता दिइनेछ ।

१५। लैगिक समानता तथा सामाजिक समावेशीकणतर्फका कार्यक्रमहरुलाई उपलब्धीमूलक बनाउन प्राथमिकता दिइनेछ ।

१६। आधारभुत खानेपानी र सरसफाई सेवामा सबै नागरिकको सहज र सरल पहुच पुर्‍याउने गरी वजेटमा व्यवस्था गरिनेछ ।

१७। सुशासन, आर्थिक पारदर्शिता, वित्तीय व्यवस्थापन, जवाफदेही शासन प्रवर्द्धनका लागि वजेटमा व्यवस्था गरिनेछ ।

१८। नगरपालिका क्षेत्र भित्रको फोहरमैलाको उचित व्यवस्थापन, बातावरण संरक्षण र सम्वर्द्धन गर्ने गरी वजेट विनियोजन गरिनेछ ।

१९। कर सचेतना कार्यक्रम, करमैत्री बातावरण सिर्जना गर्दै करको दायरा बृद्धि गरिने र यसका लागि वजटेमा व्यवस्था गरिनेछ ।

**निर्णय नं. ४ : वडागत बजेट सीमा निर्धारण सम्बन्धमा ।**

श्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिको मिति २०७९।०२।२३ गतेको बैठकको निर्णय समेतका आधारमा आगामी आ.व. २०७९।८० को वडास्तरीय योजना तथा कार्यक्रमको लागि देहाय अनुसार वडागत बजेट सिलिङ कायम गर्ने निर्णय गरियो ।

देहाय

| | | | |
|---|---|---|---|
| वडा नं १ : | रु. ६३,२५,०००/ | वडा नं ३ : | रु. ६४,७०,०००/ |
| वडा नं २ : | रु. ६६,३५,०००/ | वडा नं ४ : | रु. ६१,६४,०००/ |



...न सिंह अधिकारी
नगर प्रमुख

Scanned with CamScanner

| | | | |
|---|---|---|---|
| वडा नं ५ : | रु ६४,३७,०००/ | वडा नं ९ : | रु.६०,२७,०००/ |
| वडा नं ६ : | रु. ६३,५७,०००/ | वडा नं १० : | रु. ७३,१७,०००/ |
| वडा नं ७ : | रु. ६७,२९,०००/ | वडा नं ११ : | रु. ७३,१७,०००/ |
| वडा नं ८ : | रु. ६७,२२,०००/ | | |

**निर्णय नं. ५ : योजना तर्जुमा मापदण्ड सम्बन्धमा ।**

आव २०७९।८० को लागि वडास्तरीय तथा नगरस्तरीय योजना छनौट सम्बन्धी मापदण्ड देहाय वमोजिम निर्धारण गर्ने निर्णय गरियो ।

देहाय

१ सम्पन्न हुन सक्ने अधुरा योजनाहरुलाई सम्पन्न हुने गरी बजेट विनियोजन गर्ने ।

२. वडास्तरीय योजना तथा कार्यक्रमको हकमा कुल बजेटको कम्तिमा ६० प्रतिशत रकम ५ लाख भन्दा ठूला पूर्वाधार आयोजनामा विनियोजन गर्ने । जसमध्ये १० लाख वा सो भन्दा बढी लागतको योजना कम्तिमा एउटा हुनु पर्ने ।

३. नगरस्तरीय योजना तथा कार्यक्रमको हकमा कुल बजेटको ७० प्रतिशत रकम ५ लाख वा सो भन्दा बढी लागतका आयोजनामा विनियोजन गर्नुपर्ने । जसमध्ये कम्तिमा ५ वटा योजनाहरु ५० लाख वा सो भन्दा माथिको हुनु पर्ने ।

४. वडाहरुले योजना छनौट तथा प्राथमिकीरण गर्दा, वडास्तरीय, नगरस्तरीय तथा संघ र प्रदेशमा सिफारिश गर्ने खालका अलग अलग रुपमा ल्याउने ।

५. वडालाई प्राप्त बजेट सिलिङबाट अधिकतम् ३ लाख सम्म वडा सञ्चालन खर्च विनियोजन गर्ने ।

६. वडास्तरवाट बजेट विनियोजन गर्दा विपद् व्यवस्थापनमा वडाबाट बजेट नराख्ने । नगरपालिकाको विपद् व्यवस्थापन कोषबाट खर्च गर्ने ।

७. वडास्तरीय तथा नगरस्तरीय योजना तथा कार्यक्रम तर्जुमा गर्दा आर्थिक विकास, सामाजिक विकास, भौतिक पूर्वाधार विकास, वातावरण तथा विपद् व्यवस्थापन र संस्थागत विकास जस्ता सवै विषय र क्षेत्रहरुलाई समेटी योजना तथा कार्यक्रम छनौट गर्ने ।

८. योजना तथा कार्यक्रम प्राथमिकीकरण तथा छनौट गर्दा दलित समुदाय लाभान्वित हुने योजना तथा कार्यक्रमलाई विशेष ध्यान दिने ।

**निर्णय नं. ६ : विषयगत समितिको बैठक सम्बन्धमा ।**

आगामी आ.व. २०७९।८० को बार्षिक योजना तर्जुमाको सिलसिलामा विषयगत समितिहरुको बैठक देहाय अनुसार बस्ने निर्णय गरियो ।

२०७९ जेठ २९ गते दिनको ११ बजे : आर्थिक विकास समिति

२०७९ जेठ ३० गते विहान ८ बजे : सामाजिक विकास समिति

२०७९ जेठ ३० गते दिउसो २ बजे : संस्थागत विकास र सुशासन समिति



गुमान सिंह अर्याल
नगर प्रमुख

बेसीशहर नगर कार्यपालिकाको मिति २०७९/०२/२५ गतेको बैठक

२०७९ जेठ ३१ गते विहान ८ बजे : वातावरण तथा विपद् व्यवस्थापन समिति
२०७९ जेठ ३१ गते दिउसो २ बजे : पूर्वाधार विकास समिति

**निर्णय नं.७ : औद्योगिक ग्रामको लागि DPR र IEE प्रतिवेदन तयार गर्ने सम्बन्धमा ।**

प्रत्येक स्थानीय तहमा औद्योगिक ग्राम स्थापना गरी सञ्चालनमा ल्याउने नेपाल सरकारको नीति अनुरुप मिति २०७८।११।५ को मन्त्रिपरिषद्को निर्णयानुसार यस वेसीशहर नगरपालिका वडा नं ५ र ९ सितलेस्वाँरा क्षेत्र औद्योगिक ग्राम पूर्वाधार विकास र संरचना निर्माण कार्यका लागि छनौट भई उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय र वेसीशहर नगरपालिका विच समझदारी पत्रमा हस्ताक्षर समेत भै सकेको सन्दर्भमा समझदारी पत्रमा उल्लेख भए वमोजिम नगरपालिकाको तर्फवाट विस्तृत परियोजना प्रतिवेदन (DPR) तयार गरी उक्त मन्त्रालयमा पेश गर्ने तथा प्रारम्भिक वातावरणीय अध्ययन (IEE) प्रतिवेदन तयार गरी सम्वन्धित निकायबाट स्वीकृत गराउने निर्णय गरियो ।

**निर्णय नं.८ : योजना सम्झौताको म्याद थप सम्वन्धमा ।**

स्थानीय तहको निर्वाचन लगायत विविध कारणले समयमै सम्पन्न हुन नसकेका योजनाहरु सम्पन्न गर्ने अन्तिम म्याद २०७९ असार २० गतेसम्म तोक्ने साथै वेसीशहर ६ मकैडाँडामा डिस्प्ले बोर्ड जडान गर्ने ठेक्का सम्झौताको म्याद २०७९ असार ३० गतेसम्म थप गर्ने निर्णय गरियो ।

**निर्णय नं. ९ : प्राकृतिक श्रोत उपयोग करको ठेक्का बन्दोबस्ती सम्बन्धमा**

प्राकृतिक श्रोतको उपयोग कर सम्वन्धमा स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११(प) को बुँदा ७ तथा दफा ६४ को उपदफा (च) ले दिएको अधिकार अन्तर्गत नगरपालिका क्षेत्रभित्र वग्ने नदी खोलाबाट निस्कने ढुंगा, गिटी, वालुवा, ग्राभेल आदिको उपयोग कर संकलनका लागि राजश्व परामर्श समितिको मिति २०७९/०२ /२४ गतेको बैठकको को सिफारिस समेतको आधारमा देहाय वमोजिमको घाट (स्थान) को लागि देहाय वमोजिमको न्यूनतम अंक तोकी सोही वमोजिमको वोलपत्र सूचना प्रकाशन गर्न कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

| ठेक्का नं. | नदी /खोला | उत्खनन् गरिने घाटको नाम तथा स्थान | वडा नं. | लम्वाई/चौडाई /उचाई | उत्खननयोग्य परिमाण | आगामी आ.व. २०७९।०८० का लागि स्वीकृत ठेक्का रकम रु. |
|---|---|---|---|---|---|---|
| १ | मर्स्याङदी | वेलौती विसौना खण्ड क | ६ | १२५।१५।१ | १८७५ | ४६५००० ।०० |
| २ | मर्स्याङदी | वेलौती विसौना खण्ड ख | ६ | ६०।२०।१ | १२०० | ३००००० ।०० |
| ३ | मर्स्याङदी | वेलौती विसौना खण्ड ग | ६ | ७०।३०।१ | २१०० | ५२०००० ।०० |
| ४ | मर्स्याङदी | वेलौती विसौना खण्ड घ | ६ | ७५।२५।१ | १८७५ | ४६५००० ।०० |
| ५ | मर्स्याङदी | पुवाखोला दोभान क्षेत्र | ६र७ | ७८।३०।१ | २३४० | २५०००० ।०० |

गुमान सिंह अर्याल
नगर प्रमुख



Scanned with CamScanner

बेसीशहर नगर कार्यपालिकाको मिति २०७९/०२/२५ गतेको बैठक

| ठेक्का नं. | नदी /खोला | उत्खनन् गरिने घाटको नाम तथा स्थान | वडा नं. | लम्वाई/चौडाई /उचाई | उत्खननयोग्य परिमाण | आगामी आ.व. २०७९।०८० का लागि स्वीकृत ठेक्का रकम रु. |
|---|---|---|---|---|---|---|
| ६ | मर्स्यांडदी | तालखोलादेखि बेलौती विसौना झोपुसम्म (लेतेगंगा) | १० | ३०।१०।१ | ३०० | ७५०००।०० |
| ७ | मर्स्यांडदी | लेतेफाँट पुलदेखि भाचोक खोला दोभानसम्म (खासुर अक्कर) | १० | १५०।१५।१ | २२५० | ८०००००।०० |
| ८ | मर्स्यांडदी | बाँझाखेत मोटरेवल पुलदेखि भाचोक खोला दोभानसम्म (भोटेफाँट) | १० | ६०।१०।१ | ६०० | २०००००।०० |
| ९ | मर्स्यांडदी | आँपचौरको पुलदेखि दक्षिणतर्फ वरबोट खोला माथिसम्म (आँपचौर खण्ड) | १० | १००।३०।१ | ३००० | ७५००००।०० |
| १० | मर्स्यांडदी | सालडांडादेखि तल थारचौर छोंटेवगर खण्ड | १० | १२०।३३।१ | ३९६० | १००००००।०० |
| ११ | मर्स्यांडदी | रानीकुवा टापु मुनीको खण्ड | ३ | १३०।३०।०.८ | ३१२० (२३४० ७५%मात्र) | ७०००००।०० |
| १२ | मर्स्यांडदी | भकुण्डे वोहोराबेसी शिशौघारी तल | २ | ५०।५।१ | | ७५०००।०० |
| १३ | मर्स्यांडदी | भकुण्डे थुम्कामुनीको मरनघाट ( वउरघाट) | २ | १००।१५।१ | १५०० | १५००००।०० |
| १४ | मर्स्यांडदी | गैरी क्याम्पस मुनी | २ | २५०।१७।१३ | ५५२५ | १४०००००।०० |
| १५ | मर्स्यांडदी | गैरीवगर घाट (झोपुदेखि सौंधखोलासम्म) | १ | ३०।२५।१ | ७५० | १९००००।०० |
| १६ | मर्स्यांडदी | मर्स्यादी नदी बाँध क्षेत्र (छहरा मुनी वारीपट्टीको भाग) | १ | १२०।६६।१ | ७९२० | २००००००।०० |
| १७ | मर्स्यांडदी | आकासे भीरको डिलमुनीबाट चिप्लेटीको पुल माथिको भाग (क्रसर उद्योग मुनी) | १ | १००।१९२।१ | १९२०० | ५००००००।०० |
| १८ | मर्स्यांडदी | चिती वरवोट खोलादेखि गैरी क्याम्पसको झोपुसम्म (कडेनी) | ११ | ६०।५४।१ | ३२४० | १००००००।०० |
| १९ | मर्स्यांडदी | चेपाङ्गटार मुनी गाइखुरे छहरा पारीपट्टीको भाग (सिमलको रुखदेखि तलको भाग) | ११ | १००।९०।१ | ९००० | २३०००००।०० |
| २० | मर्स्यांडदी | रिट्ठेवगर घाट | १ | ३००।२५।१ | ७५०० | २५०००००।०० |
| २१ | दोर्दी खोला | राम्चे बेसी खण्ड | ११ | १५० | | १०००००।०० |

बेसीशहर नगर कार्यपालिकाको मिति २०७९/०२/२५ गतेको बैठक

| ठेक्का नं. | नदी /खोला | उत्खनन् गरिने घाटको नाम तथा स्थान | वडा नं. | लम्बाई/चौडाई /उचाई | उत्खननयोग्य परिमाण | आगामी आ.व. २०७९।०८० का लागि स्वीकृत ठेक्का रकम रु. |
|---|---|---|---|---|---|---|
| २२ | दोर्दी खोला | दोर्दी खोला मोटरेवल पुल खण्ड | ११ | २०० | | २५०००० ।०० |
| २३ | दोर्दी खोला | चित्रे पहरा मुनी | ११ | ५० | | १५०००० ।०० |
| २४ | मिदिम खोला | नाल्मा मिदिमखोला पुल वरपरदेखि हाइड्रो पावरसम्म | ५ | १०० | ७०० | १००००० ।०० |

**निर्णय नं. १० : प्राकृतिका श्रोत उपयोग करको आय ठेक्का सम्बन्धमा ।**

चालु आ.व.को प्राकृतिक श्रोत उपयोग कर अन्तर्गतको ठेक्का रकम फिर्ता, हिसाव मिलान तथा ठेक्का रकम घटाउने तथा मिनाहा गर्ने सम्वन्धमा देहाय वमोजिम गर्ने निर्णय गरियो ।

(क)यस कार्यालयबाट आर्थिक वर्ष २०७८।०७९ मा लगाइएको आय ठेक्काहरुमा बाढी पहिरोका कारण घाटसम्म जाने बाटो निर्माण गर्न नसकेका कारण रकम फिर्ताको लागि माग भएकोमा फिर्ता प्रकृयाको लागि मिति २०७८।१२।२४ मा बसेको कार्यपालिकाको निर्णय नं. १० अनुसारको रकममा मूल्य अभिवृद्धि कर (१३% भ्याट) र अग्रीम आय कर वाहेकको रकम फिर्ता गर्ने । साथै, उक्त रकम फिर्ता गर्न राजश्व फिर्ता शीर्षकमा रकम अपुग भएको कारण खर्च शीर्षक नं. २७३१४, सेवा निर्वत्तको औषधी उपचार खर्च शीर्षकवाट रु. ४ लाख र खर्च शीर्षक नं. २२६१९, अन्य भ्रमण खर्च शीर्षकबाट ४ लाख गरी रु. ८ लाख रकम राजश्व फिर्ता खर्च शीर्षकमा ट्रान्सफर गर्ने ।

(ख)आय ठेक्का नं. १४ आर्मी ब्यारेक पुछार (मन्दिर तलको भाग मात्र) सम्वन्धमा ठेक्का सम्झौता भई ठेकेदारले पुरै किता रकम रु. ११,८७,९९९।- दाखिला गरी सोको बाँडफाँड समेत गरी ४०% रकम रु. ४,७५,२००।- प्रदेश सरकारलाई पठाई सकिएको हुँदा ठेक्का क्षेत्रमा भिषण पानी परी मर्स्याङदी नदीको बाढीले उदीपुरमा ठूलो पहिरो गई घाटसम्म जाने बाटो पुर्ण रुपमा क्षति भएको र पुनः बाटो निर्माण गर्दा अझ पहिरो जाने भई वातावरणमा प्रभाव पर्ने भनि घाटसम्म जाने बाटो निर्माण गर्न रोक लागेकाले उक्त क्षेत्रमा उत्खननको कार्य हुन नसकेको हुँदा प्रदेश सरकारमा पठाइएको ४०% रकम रु. आगामी महिनामा प्राप्त हुने रकमबाट समायोजन गरी हिसाव मिलान गर्ने ।

(ग)आर्थिक वर्ष २०७८।०७९ का लागि यस कार्यालयले लगाएको आय ठेक्काहरु मध्ये ठेक्का नं. १७, मर्स्याङदी नदी, त्रिवेणी घाटको वालुवाको ठेक्कामा सवैभन्दा बढी ठेक्का रकम रु. १३ लाख ०१ हजार कवोल गर्ने श्री वाईवा एण्ड लामा कन्स्ट्रक्सन कम्पनीसँग मिति २०७८।०५।०८ मा ठेक्का रकम मध्ये ५०% रकम सम्झौताका वखत जम्मा गरी वाँकी ५०% रकम यही चैत्र मसान्तभित्र बुझाउने गरी सम्झौता गरी कार्य अनुमति दिइएकोमा वर्षातका समयमा दोर्दी खोलाको वाढीले धार परिवर्तन गरी मर्स्याङदीतर्फ वालुवा भएको स्थानमा पानी जम्मा भई वालुवा संकलन गर्न नसकेकोमा हाल आएर दोर्दी खोला र मर्स्याङदी नदीको दोभानमै यस कार्यालयबाट विनियोजित बजेटवाट त्रिवेणी मरनघाट चित्ता निर्माण समितिले भवन निर्माणको कार्य गरी १/४० मिटर वरपरको सिमानाबाट वालुवा उत्खननको कार्य बन्द गराउने निर्णय


गुमान सिंह अर्याल
नगर प्रमुख

गरेको अवस्थामा तोकिएको स्थान र क्षेत्रवाट वालुवा निकाल्ने कार्य गर्न असमर्थ रहेको भनि समितिको निर्णय सहित ठेक्का रद्ध गरी बाँकी ५०% रकम दाखिला गर्न नसक्ने भनि निवेदन पेश गरेकोले स्थलगत निरीक्षण तथा उक्त समितिको निर्णयले समेत वालुवा निकाल्न असहज देखिएकोले हाललाई उक्त स्थानमा वालुवा निकाल्ने काम बन्द गरी निज ठेकेदारले बुझाउनु पर्ने ५०% रकम रु. ६ लाख ५० हजार ५ सय मिनाहा गरिदिने निर्णय गरियो ।

(घ)मर्स्याङदी नदी किनारामा तोकिएका वालुवा तथा वालुवा मिसिएका वालुवा संकलनको ठेक्काहरु मध्ये तपसिलका ठेक्काहरु लगाउने स्थानमा मरनघाट निर्माण भइसकेको र निजी जग्गा प्रयोज गर्न नदिएकाले घाटको क्षेत्रफल कम भई आईईई प्रतिवेदनले निर्धारण गरेको क्षेत्रभन्दा कम क्षेत्रवाट मात्र वालुवा संकलनका कार्य हुने भएकोले सो मूल्यमा कम गरी नयाँ मूल्यांकन रकम कायम गरी सूचना प्रकाशन गर्ने ।

क) पुवा खोला दोभान क्षेत्र: ३० मिटर लम्वाई कायम गरी ठेक्का रकम रु. २ लाख ५० हजार कायम गर्ने ।

ख) भकुण्डे थुम्का मुनीको मरनघाट (वउरघाट) : निजी जग्गावालाले बाटो प्रयोग गर्न नदिएको ३० मिटर मात्र लम्वाईवाट वालुवा संकलनको कार्य गर्ने गरी ठेक्का रकम रु. १ लाख ५० हजार कायम गर्ने ।

(ङ)राजश्व परामर्श समितिको निर्णय नं. २ अनुसार आय ठेक्का नं. १८ को दोर्दी खोला क्षेत्रको घाटमा ढुंगा वाहेकको वालुवा मात्र संकलन तथा विक्री कार्य गर्नको लागि विभिन्न स्थान तोकी ठेक्का लगाउन दिने सम्वन्धी निर्णय सदर गरियो ।

**निर्णय नं. ११ : योजना तथा कार्यक्रम संशोधन/रकमान्तर सम्बन्धमा ।**

चालु आ.व.२०७८।०७९ का देहाय वमोजिमका वडास्तरीय योजना तथा कार्यक्रमहरु देहाय वमोजिम संशोधन गर्ने निर्णय गरियो ।

देहाय

| साविकको योजना तथा कार्यक्रम | विनियोजित बजेट | हाल कायम गरिएको योजना तथा कार्यक्रम | विनियोजित बजेट |
|---|---|---|---|
| १.विविध तथा कार्यलय सामान खरिद बेनपा ११ | २३३००० | १.१ विद्युत तार खरीद, बेनपा ११<br>१.२.कार्यालय सामान खरीद, बेनपा ११ | ६९०००<br>७०००० |
| २.वडा नं ११ भित्रका आन्तरिक सडक मर्मत सुधार, बेनपा ११ | १५०००० | २.१ तिलाहार बरालको घरदेखि सिद्धमन्दिर नाङ्गेपाखा अँधेरीगल्ली ट्याक निर्माण तथा ग्राभेल बेनपा ११<br>२.२ तिलाहारबाट वडा कार्यालय जाने बाटो मर्मत, बेनपा ११ | १०२०००<br>४८००० |
| ३.१ सुँगुरे खोला मगरबारी कुलो मर्मत बेनपा ११<br>३.२ दुवार जाने बाटोदेखि तोप बहादुरको घरसम्मको गो.वा. निर्माण | १००००० | ३.बुढीकुवा कार्कीडाँडा सडक मर्मत, बेनपा ११ | १४०००० |



नगर प्रमुख

Scanned with CamScanner

बेसीशहर नगर कार्यपालिकाको मिति २०७९/०२/२५ गतेको बैठक

| साविकको योजना तथा कार्यक्रम | विनियोजित बजेट | हाल कायम गरिएको योजना तथा कार्यक्रम | विनियोजित बजेट |
| --- | --- | --- | --- |
| वेनपा ११ | ४०००० | | |
| ४.कृषि तथा पशु कार्यक्रम वेनपा ११ रु ९ लाख अन्तगर्त जनजागृति कृषक समुह थापाडाँडा खाली मौरीघार वितरण वेनपा ११ (कापा बैठक २०७८।६।२०) | ६०००० | ४.जनजागृति कृषक समुह धान विऊ खरीद वेनपा ११ | ६०००० |
| ५.स्वास्थ्यतर्फ वेनपा ११ रु ५ लाख मध्येवाट स्वास्थ्य स्वयंसेविका खाजा खर्च वेनपा ११ (कापा बैठक२०७८।८।७) | ८०००० | ५.स्वास्थ्य स्वयंसेविका प्रोत्साहन भत्ता खर्च वेनपा ११ | ८०००० |
| ६.कृषि, स्वास्स्थ्य, शिक्षा, महिला, वालबालिका,अपांगता भएका र असहाय कार्यक्रम वेनपा ९ (२०७९।८।७ बाट संशोधित समेत) | ८५०००० | ६.१ शहरी स्वास्थ्य केन्द्र भवन संरक्षण वेनपा ९<br>६.२ वडा कार्यालय मर्मत वेनपा ९ | १५००००<br>५९०२१ |
| ७. टापु मरनघाट बाटो निर्माण वेनपा ३ | ३००००० | ७.टापु मरनघाट गोरेटो बाटो (सिंढी) निर्माण, वेनपा ३ | ३००००० |
| ८.विपद् व्यवस्थापन/विविध योजना वेनपा ३ | ५७७००० | ८. दारेगौडा पारस्वाँरा खत्रीगाउँ घर्तिगाउँ सडक खण्डमा सानुमाया खत्रीको घर अगाडि पर्खाल निर्माण वेनपा ३ | ४७००० |
| ९.१ च्याउरेकुना सिंचाई फेदी वेनपा ५<br>९.२ खुन्दु खानेपानी मर्मत वेनपा ५<br>९.३ विद्युत पोल तथा तार (विद्युत व्यवस्थापन) वेनपा ५ | १०००००<br>१०००००<br>२००००० | ९. विद्युत व्यवस्थापन वेनपा ५ | ४००००० |
| १०. चितुवाखोरदेखि बर्तु गोरेटो बाटो वेनपा ५ | ३००००० | १०.१ लाङ्दीदेवी प्रावि ल्यापटप तथा दराज खरिद वेनपा ५<br>१०.२ एकान्चोदेखि चितुवाखोर गोरेटोवाटो स्तरोन्नति वेनपा ५ | १०००००<br>२००००० |

गुमान सिंह अर्याल
नगर प्रमुख

बेसीशहर नगर कार्यपालिकाको मिति २०७९/०२/२५ गतेको बैठक

Scanned with CamScanner

बेसीशहर नगर कार्यपालिकाको मिति २०७९/०२/२५ गतेको बैठक

**निर्णय नं १२ : औषधी उपचार खर्च उपलब्ध गराउने सम्वन्धी कार्यविधिको सम्वन्धमा ।**

नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले जारी गरेको मृगौला प्रत्यारोपण गरेका, डायलाइसिस गराइरहेका, क्यान्सर रोगी र मेरुदण्ड पक्षघातका विरामीलाई औषधी उपचार बापत खर्च उपलब्ध गराउने सम्वन्धी कार्यविधि २०७८ मा भएका व्यवस्थाहरुको बारेमा सामान्य जानकारी भयो । साथै उक्त कार्यविधि वडाहरुमा इमेलमार्फत पठाउने र आगामी बैठकमा थप छलफल गर्ने निर्णय गरियो ।

**निर्णय नं १३ : औषधी खरिद सम्वन्धमा ।**

चालु आ.व.२०७८।७९ को स्वास्थ्यतर्फको सशर्त कार्यक्रम अन्तर्गत आधारभूत तथा आकस्मिक स्वास्थ्य सेवाको लागि औषधी खरीद शिर्षकमा बाँकी रहन गएको बजेट मध्येवाट कोटेशन मार्फत रु. ५ लाख बराबरको औषधी खरिद गर्ने निर्णय गरियो ।

**निर्णय नं १४ : बेतलबी अध्ययन विदा सम्बन्धमा ।**

यस वेसीशहर नगरपालिकामा अधिकृत छैठौं तहमा कार्यरत इन्जिनियर सुजन श्रेष्ठले अध्ययन विदाको लागि पेश गर्नु भएको निवेदनका सम्वन्धमा स्थानीय स्वायत्त शासन नियमावली २०५६ को नियम २४६ को उपनियम ५ वमोजिम २०७९।८।२० बाट लागु हुने गरी १ वर्षको लागि निजको बेतलबी अध्ययन विदा स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं १५ : सडक मर्मत सम्भार सम्वन्धमा ।**

चालु वर्षको मनसुन प्रणाली सक्रिय हुन थालेको र वर्षातको पानीले सडकहरु खोल्ने तथा बाढी पहिरोले सडकहरु विग्रन गई यातायात अवरुद्ध हुने अवस्थालाई मध्यनजर गर्दै सडकमा भलपानी तर्काउने, पानी जमेको ठाउँमा ग्राभेल हाल्ने तथा सडकमा आएका पहिरो पन्छ्याउने कार्यको लागि सडक मर्मत सम्भार कोषमा फुटकर शिर्षकबाट रु.१० लाख राखी सडक मर्मत सम्भार गर्ने निर्णय गरियो । साथै सडक हेरालु राख्ने सम्बन्धमा अध्ययन गरी आगामी बैठकमा थप छलफल गर्ने निर्णय गरियो ।

**निर्णय नं १६ : गैससहरुको बजेट तथा कार्यक्रम सम्वन्धमा ।**

वेसीशहर नगरपालिका क्षेत्रमा कार्यक्रम सञ्चालन गरिरहेका तथा गर्न इच्छुक गैर सरकारी संस्थाहरुलाई आगामी आ.व २०७९।८० को बार्षिक कार्यक्रम तथा बजेट नगरपालिकामा पेश गर्न सूचित गर्ने निर्णय गरियो ।

**निर्णय नं १७ : तारजाली खरिद सम्वन्धमा ।**

वर्षाको कारण बाढी,पहिरो तथा कटानवाट घर तथा अन्य संरचनाहरु संरक्षण गर्नको लागि विपद् व्यवस्थापन कोषबाट रु ५ लाख विनियोजन गरी तारजालि खरिद गर्ने निर्णय गरियो ।

गुमान सिंह अर्याल
नगर प्रमुख

Scanned with CamScanner